# शहीदनगर नगरपालिका

## स्थानीय राजपत्र

**खण्डः-5** **संख्याः-2** **मितिः-2079/11/28**

## भाग 2

# शहीदनगर नगरपालिकाको विद्यालय व्यवस्थापन समितिको गठन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, 2079

**कार्यपालिकाबाट स्वीकृत मितिः-2079/10/24**

## प्रस्तावना

शहीदनगर नगरपालिकामा संचालित सामुदायिक विद्यालयहरुको संचालन, रेखदेख, नियन्त्रण तथा व्यवस्थापन गरि सेवा क्षेत्रका सम्पूर्ण बालबालिकाहरुलाई सहज शैक्षिक पहुँच प्रदान गर्ने विद्यालय शान्तिपूर्ण र बालमैत्री वातावारणमा निर्माण गर्न र सम्पूर्ण अभिभावक एवम शिक्षाका सरोकारवालाहरुलाई विद्यालय प्रति अपनत्वको भावना जागृत गराइ विद्यालयको भौतिक, आर्थिक, शैक्षिक एवम प्रशासनिक व्यवस्थापकिय पक्षको सुदृढीकरण गरि गुणस्तरीय शिक्षा प्राप्तिको लागि सहयोग गर्ने उदेश्यले नगर शिक्षा नियमावलीको नियम 26 बमोजिम विद्यालय व्यवस्थापन समिति गठन प्रयोजनका लागि नगर शिक्षा नियमावली 2076 को नियम 27 को उपनियम 4 ले दिएको अधिकार प्रयोग गरि शहीदनगर नगरपालिका नगरकार्यपालिकाले यस

शहीदनगर नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरुमा लागू हुने गरि यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद – 1

## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यस कार्यविधिको नाम **"विद्यालय व्यवस्थापन समितिको गठन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, 2079"** रहेको छ ।

(ख) यो कार्यविधि शहीदनगर नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि शहीदनगर नगरपालिकाको कार्यक्षेत्रभर लागू हुनेछ ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

**(क) "नगरपालिका"** भन्नाले शहीदनगर नगरपालिकालाई सम्झनु पर्दछ ।

**(ख) "नगर कार्यपालिकाको कार्यालय"** भन्नाले शहीदनगर नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

**(ग) "सामुदायिक विद्यालय"** भन्नाले सरकारी तवरबाट नियमित रुपमा अनुदान पाउने गरि शहीदनगर नगरपालिकाको क्षेत्रभित्र सञ्चालनका लागि अनुमति वा स्वीकृति प्राप्त भई सञ्चालनमा रहेका विद्यालय सम्झनु पर्दछ ।

**(घ) "संस्थागत विद्यालय"** भन्नाले सरकारी तवरबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्दछ ।

**(ङ) "नगर शिक्षा समिति"** भन्नाले नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्दछ ।

**(च) "सहयोग समिति"** भन्नाले दफा 3 को उपदफा (1) को खण्ड (क) बमोजिमका सदस्यहरुको छनौटका लागि दफा 7 को उपदफा (5) बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

**(छ) "नगर प्रमुख"** भन्नाले नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

**(ज) "नगर उपप्रमुख"** भन्नाले नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

(झ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ञ) **"शिक्षा सम्बन्धी काम गर्ने कर्मचारी"** भन्नाले नगर कार्यापालिकाको कार्यालयमा कार्यरत शिक्षा हेर्ने शाखा अधिकृत र प्राविधिक सहायकलाई सम्झनु पर्दछ

(ट) **"शिक्षा प्रमुख"** भन्नाले नगर कार्यपालिकाको कार्यालयमा कार्यरत शिक्षा हेर्ने जिम्मेवारी तोकेको शिक्षक वा कर्मचारीलाई सम्झनु पर्दछ ।

(ठ) **"शाखा अधिकृत"** भन्नाले नगर कार्यपालिकाको शिक्षा हेर्ने शाखा अधिकृतलाई सम्झनु पर्दछ ।

(ड) **"प्राविधिक सहायक"** भन्नाले नगर कार्यपालिकाको कार्यालयमा कार्यरत शिक्षा हेर्ने प्राविधिक सहायकलाई सम्झनु पर्दछ ।

(ढ) **"निरीक्षक"** भन्नाले नगर कार्यपालिकाको शिक्षा शाखामा कार्यरत शिक्षा प्रमुख वा नगरपालिकाले निरिक्षणको लागि तोकेको कर्मचारी वा सो काम गर्ने तोकिएको शिक्षकलाई सम्झनु पर्दछ ।

(ण) **"शैक्षिक शत्र"** भन्नाले बैशाख 1 गते देखी चैत्र मसान्तसम्मको अवधीलाई सम्झनु पर्दछ ।

(त) **"अध्यक्ष तथा सदस्य पदमुक्त"** भन्नाले कक्षागत एवम तहगत उत्तीर्णभई अन्यत्र गएको बाहेक विद्यार्थीले वीचमै विद्यालय छाडेमा उक्त विद्यार्थीको अभिभावक अध्यक्ष तथा सदस्य पद स्वतः पदमुक्त भएको मानिनेछ ।

(थ) **"कानुन व्यवसायी"** भन्नाले नेपालको कुनै तहको न्यायालयमा उपस्थिती भई कानुनी बहस गर्ने अख्तियारी प्राप्त व्यक्तिलाई सम्झनु पर्दछ ।

(द) **"अध्यक्ष"** भन्नाले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्दछ ।सो शब्दले शिक्षक अभिभावक संघको अध्यक्ष समेतलाई सम्झनु पर्दछ ।

(ध) **"प्रधानाध्यापक"** भन्नाले सामुदायिक र संस्थागत विद्यालयको प्रशासनिक कामकाज समेतको जिम्मेवारी पाएको सम्बन्धित विद्यालयको शिक्षकलाई सम्झनु पर्दछ ।

(न) **"शिक्षक"** भन्नाले सामुदायिक र संस्थागत विद्यालयको अध्यापक सम्झनु पर्दछ ।सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ऩ) **"विद्यालय कर्मचारी"** भन्नाले सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्दछ ।

शहीदनगर नगरपालिका

## परिच्छेद २

## विद्यालय व्यवस्थापन समितिको गठन, म्याद थप तथा विघटन

**३. विद्यालय व्यवस्थापन समितिको गठन :** (१) नगरपालिका भित्रका सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना – सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट वडा समितिले मनोनयन गरेको सदस्य एक जना - सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना - सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना - सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(२) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरस्तरका उद्योग तथा वाणिज्य संघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ ।

(६) नगरप्रमुख, नगर उपप्रमुख, सम्बन्धित वडाका वडाध्यक्ष र शिक्षा सम्बन्धि काम गर्ने कर्मचारीहरुलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(७) नगरपालिकाभित्रका संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-



शहीदनगर नगरपालिका

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरूमध्येबाट विद्यालयको सिफारिसमा नगर प्रमुखले मनोनीत गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरूमध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुईजना – सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरूमध्येबाट सम्बन्धीत वडा समितिले मनोनीत गरेको एकजना - सदस्य

(घ) नगरपालिकाको शिक्षा हेर्ने शाखा अधिकृत - सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना शिक्षक - सदस्य

(च) विद्यालयको प्राधानाध्यापक - सदस्य सचिव

(८) उपदफा (१), (३) र (७) बमोजिम छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यको पदावधी
तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

**4. विद्यालय व्यवस्थापन समितिको अवधिको गणनाः-** दफा ३ को उपदफा (८) मा जुनसकै कुरा लेखिएको भएतापनि सामूदायिक विद्यालयको व्यवस्थापन समितिको अवधि गणना अभिभावक भेलाबाट दफा ३ को उपदफा (१) को खण्ड (क) मा उल्लेखित चारजना सदस्यहरुको छनौट भएको मिति देखि र संस्थागत विद्यालयको व्यवस्थापन समितिको अवधि गणना नगरप्रमुखबाट अध्यक्षको मनोनयन भएको मिति देखि हुनेछ ।

**5. विद्यालय व्यवस्थापन समितिको म्याद थप :-**

(१) कुनै सामूदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको तीन वर्षको अवधि समाप्त भएको तर उक्त विद्यालयमा तत्काल अर्को विद्यालय व्यवस्थापन समितिको गठन हुन नसकेको भए अर्को विद्यालय व्यवस्थापन समितिको गठन हुन नस्कने कारण सहित साविककै विद्यालय व्यवस्थापन समितिको म्याद थपका लागि सम्बन्धित विद्यालयबाट वा नगरस्तरीय प्रधानाध्यापकको बैठकबाट माग भइ आएमा नगर शिक्षा समितिले माग भइ आएका विद्यालयका साविकका विद्यालय व्यवस्थापन समितिको म्याद थपगर्न सक्नेछ ।

(२) नगर शिक्षा समितिले दफा (१) अनुसार साविकका विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त भएको खण्डमा विद्यालय बाट म्याद थप हुन निवेदन आएमा समाप्त भएको मिति देखि एक शैक्षिक

शत्रसम्मको लागि मात्र गर्न सक्नेछ र एक पटक म्याद थप भएको विद्यालय व्यवस्थापन समितिको पुनः म्याद थपगर्न पाइनेछैन् ।

(३) उपदफा (१) बमोजिम म्याद थप भएको साविकको विद्यालय व्यवस्थापन समितिको अर्को विद्यालय व्यवस्थापन समितिको गठन नभएसम्मका लागि अस्थायी विद्यालय व्यवस्थापन समितिका रुपमा रहनेछ ।

(४) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको म्याद थप गरिनेछैन् ।

(५) नगर शिक्षा समितिबाट म्याद थप भएका विद्यालय व्यवस्थापन समितिको म्याद थप भएको व्यहोराको जानकारी शिक्षा प्रमुखले सम्बन्धित विद्यालयलाई गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) उपदफा (१) अनुसार विद्यालय व्यवस्थापन समितिको म्याद थप भएको अवधीभित्रै सम्बन्धित विद्यालयले अर्को विद्यालय व्यवस्थापन समितिको गठन गरिसक्नुपर्नेछ ।

(७) उपदफा (६) अनुसार विद्यालय व्यवस्थापन समितिको गठन भएको मिति देखि म्याद थप भएको साविकको विद्यालय व्यवस्थापन समितिको भुक्तान हुन बाँकी अवधि स्वतः समाप्त भएको मानिनेछ ।

**6. विद्यालय व्यवस्थापन समितिको विघटन गर्न सकिनेः-** (१) देहायका अवस्थामा विद्यालय व्यवस्थापन समितिको विघटन गर्न सकिनेछ :-

(क) विद्यालयको सम्पति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) सरकारी नीति विपरित काम गरेमा,

(घ) सम्बन्धित निकाय, प्रतिनिधि वा कर्मचारीले दिएको निर्देशनको पालन नगरेमा, वा

(ङ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा ।

(२) उपदफा (१) अनुसार विद्यालय व्यवस्थापन समिति विघटन गर्नु अघि उक्त विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि विद्यालयले यसै कार्यविधि बमोजिम तत्काल अर्को विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्नेछ ।

## परिच्छेद ३

## विद्यालय व्यवस्थापन समितिको सदस्यको छनौट सम्बन्धी व्यवस्था

शहीदनगर नगरपालिका

**7. अध्यक्ष तथा सदस्य छनौट सम्बन्धी व्यवस्थाः-** (१) प्रधानाध्यापकले यस कार्यविधि बमोजिम सामुदायिक विद्यालयको व्यवस्थापन समितिका सदस्यहरू छनौट गर्ने प्रयोजनको लागि तत्कालको विद्यालय व्यवस्थापन समितिको तीन वर्षे अवधि सकिनु पूर्व नै कम्तीमा सात दिनको सूचना दिई अवधि सकिएको लगत्तै अर्को विद्यालय व्यवस्थापन समितिको गठन भइसक्ने गरी अभिभावकको भेला गराउनु पर्नेछ ।

(२) दफा (5) र उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि लागु हुँदाको बखत विद्यालय व्यवस्थापन समितिको गठन नभएका वा साविकको विद्यालय व्यवस्थापन समितिको म्याद थप भएका विद्यालयहरुले यो कार्यविधि लागु भएको एक महिनाभित्र अभिभावक भेला गराई अर्को विद्यालय व्यवस्थापन समितिको गठन गरिसक्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अभिभावकलाई भेला गराउनु तीन दिन अघि

प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिको सदस्यहरु छनौट गर्ने प्रयोजनका लागि अविभावकको नामावली विद्यालयमा सार्वजनिक गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अभिभावकको नामावली सार्वजनिक गर्दा विद्यार्थीका बाबु, आमा, बाजे वा बज्यै मध्येबाट विद्यालयको अभिलेखमा जनिएको एक जना विद्यार्थीको एक अभिभावकको नाम सार्वजनिक गर्नु पर्नेछ । तर विद्यालयमा बाल विकास केन्द्रको बालबालिकाहरुको अभिभावक लाई यस प्रयोजनको लागि अभिभावक मानिने छैन सो शब्दले नाम सार्वजनिक गरिने छैन ।

(५) उपदफा (१) र (२) बमोजिम अध्यक्ष वा सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि देहायको विद्यालय व्यवस्थापन समिति गठन सहयोग समिति रहनेछ ।

(क) नगर कार्यपालिकाको कार्यालयका शिक्षा हेर्ने शाखा अधिकृत वा निज उपलब्ध नभएमा शिक्षा शाखा सम्बन्धी जिम्मेवारी तोकिएको शिक्षा शाखा प्रमुख वा नगर कार्यपालिकाको कार्यालयले खटाएको - संयोजक

(ख) वडा अध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्य - सदस्य

(ग) सम्बन्धित विद्यालयका प्रधानाध्यापकले तोकेको शिक्षक प्रतिनिधि वा शहीदनगर नगरपालिकाले खटाएको कर्मचारी वा नगर शिक्षा समिति सदस्य एक जना - सदस्य

(घ) शिक्षा विकास तथा समन्वय इकाईले तोकेको प्रतिनिधि – सदस्य

शिक्षा विकास तथा समन्वय इकाइले प्रतिनिधि नपठाएमा सो कारणले समितिको काम काज गर्न बाधा पर्ने छैन यस अवस्थामा नगरपालिकाले शिक्षा क्षेत्र सँग सम्बन्धित विज्ञ वा कर्मचारीलाई आमन्त्रण गरि सो जिम्मेवारी दिन सक्नेछ ।

(ङ) सम्बन्धित विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(६) उपदफा (५) बमोजिमको समितिले नगरप्रमुख, नगरउप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा प्रमुखहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(७) उपदफा (५) बमोजिमको समितिले विद्यालय व्यवस्थापन समितिको सदस्यहरुको छनौट गर्न आवश्यक निर्णयहरु गरी काम गर्न सक्नेछ ।

(8) मतदान बाट छनौट गरिने अवस्थामा छनौट सहयोग समितिले निर्वाचन कार्यक्रममा शिक्षक कर्मचारी तथा कानुन व्यवसायिकलाई खटाउन सक्नेछ ।

(9) यसरी काममा खटिएको शिक्षक कर्मचारी तथा कानून व्यवसायीको लागि पारिश्रमिकको व्यवस्था सम्बन्धित विद्यालयले गर्नुपर्छ ।

## परिच्छेद ४

## विद्यालय व्यवस्थापन समितिको सदस्यको योग्यता तथा राजिनामा सम्बन्धी व्यवस्था

**८. विद्यार्थीको अभिभावक सम्बन्धी व्यवस्था :** (१) विद्यालयले विद्यालय व्यवस्थापन समितिको गठन प्रयोजनका लागि विद्यार्थीका बाबु, आमा, बाजे बज्यै मध्ये कुनै एक जनाको नाममात्र अभिभावकको रूपमा राखेर अभिलेख तयार पारेको हुनु पर्नेछ ।

(२) दफा ८ को उपदफा (३) अनुसार प्रकाशित नामावलीमा एउटै अभिभावकका दुई वा दुई भन्दा वढी सन्ततिको हकमा पनि एउटै अभिभावकको नाममात्र प्रकाशन गर्नु पर्नेछ ।

(३) विद्यार्थीका चारै जना अभिभावक बाबु, आमा, बाजे बज्यै जीवितै रहेको अवस्थामा बाबु वा आमा मध्ये एक जनाको नाम मात्र प्रकाशन गर्नु पर्नेछ ।

तर बाबु वा आमा मध्ये कुनै एकजना मात्र जीवित भएमा जीवित व्यक्तिको नाम र बाबु, आमा दुवै जीवित नरहेको अवस्थामा बाजे वा बज्यै मध्ये कुनै एक जनाको नाम वा निज मध्ये कुनै एकको मृत्यु भइसकेको भए जीवित व्यक्तिको नाम प्रकाशन गरिनेछ ।

(४) उपदफा (३) बमोजिम एक जनाको नाम प्रकाशन गर्दा विद्यालयले विद्यालय व्यवस्थापन

समिति गठन प्रयोजनका लागि पहिले नै एकै जनाको अभिलेख तयार गरेको भए सोही बमोजिम र तयार नगरेको भए बाबु आमा वा बाजे बज्यै मध्येबाट एकजनालाई मात्र अभिभावक तोकी नामावली प्रकाशन गर्नु पर्नेछ ।

5. बाबु, आमा वा बाजे, बजै नभएमा वा मृत्यु भएमा संरक्षक अभिभावकको नाम प्रकाशन गर्नु पर्नेछ ।

**9. व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्ने :** देहायको व्यक्ति विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको,

(ग) आधारभूत विद्यालय (कक्षा ५ सम्म) को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कक्षा 8 पास, आधारभूत विद्यालय (कक्षा ८ सम्म) को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा कक्षा दश उत्तीर्ण नगरेको, माध्यमिक विद्यालय (कक्षा १० सम्म) को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण नगरेको र माध्यमिक विद्यालय (कक्षा १२ सम्म) को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण नगरेको तर कक्षा-12 सम्म विद्यालय संचालन भएको विद्यालयमा स्नात्तक नभएमा प्रविणता प्रमाणपत्र उत्तिर्ण नगरेको।

(घ) अध्यक्षको लागि भए सम्बन्धित विद्यालयमा शिक्षक वा कर्मचारीको पदमा बहाल रहेको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको ।

(च) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको ।

(छ) आधारभूत संचालित विद्यालय कक्षा - 5 सम्ममा कक्षा - 4 र 5 को विद्यार्थीका अभिभावक, कक्षा - 8 सम्म संचालित विद्यालयमा कक्षा - 7 र 8 को विद्यार्थीका अभिभावक र कक्षा – 9 र 10 मा.वि. संचालितमा कक्षा - 9 र 10 को विद्यार्थीका

शहीदनगर नगरपालिका

अभिभावक तथा उच्च मा.वि. संचालित विद्यालयमा कक्षा - 11 र 12 को विद्यार्थीका अभिभावक उम्मेदवार हुन नपाउने ।

(ज) EMIS मा नाम नभएका विद्यार्थीको मान्यता दिइने छैन र निज विद्यार्थीको अभिभावकलाई मान्यता दिने छैन ।

(झ) प्रकाशित अभिभावकको नामावलीमा चित्त नबुझे वा नाम थप गर्न वा हटाउन वा अन्य विवरण सच्चाउनु पर्नेभए अभिभावकहरुले अभिभावक सहयोग समिति समक्ष आफै उपस्थित भइ वा आफ्नो विद्यार्थी मार्फत निवेदन पठाई दुई दिन भित्र स-प्रमाण निवेदन दिनु पर्नेछ ।

(ञ) एकै अभिभावक एक भन्दा बढी बालबालिका विद्यालयमा अध्ययनरत भएमा पनि उक्त अभिभावकको मत प्रकट गर्नु पर्ने अवस्थामा एक मत मात्र प्रकट गर्न पाउनेछ ।

(ट) विद्यालय संचालन भएको 51% दिन उपस्थित भएका विद्यार्थीको अभिभावकलाई मात्र वि.व्य.स. गठन कार्यमा सहभागी गराइनेछ ।

(ठ) सार्वजनिक संस्थाको पेश्की बाँकी राखेको दावी भएमा सो दावी जाँच पश्चात सही ठहरेमा जुनसुकै वखत पनि उम्मेदवारी रद्ध हुनेछ ।

(ड) विद्यालयको भर्ना रजिष्टर र भर्ना फारमको अभिभावक महलमा उल्लेख गरिएको अभिभावकनै वि.व्य.स. को अध्यक्ष/सदस्य गठन प्रयोजनको लागि मानिय हुने छ ।

१०. **राजीनामा स्वीकृत गर्ने अधिकारी** - विद्यालय व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित विद्यालय व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा दफा ३ को उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमको सदस्यहरूमध्ये उमेरको हिसाबले सबैभन्दा ज्येष्ठ सदस्यले स्वीकृत गर्नेछ

**11. गणपुणरक संख्याः-**

१. वि.व्य.स.का पदाधिकारी छनौट गर्न छलफलको लागि सम्पूर्ण अभिभावक मध्ये 51 प्रतिशत अभिभावकको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ । सो भेलाले सर्वसम्मतीबाट वि.व्य.स.का पदाधिकारीहरु छनौट गर्नु पर्नेछ । सो नभए जुन पदको लागि एक भन्दा बढी अभिभावकहरुले दावी गरेको अवस्थामा तथा सर्वसम्मतीबाट सो पदमा चयन हुने अवस्था नभएमा भेलाले सोही पदका लागि मात्र निर्वाचन (मतदान) प्रणालीमा जाने व्यहोरा निर्णय गर्नुपर्नेछ ।

२. तोकिएको मितिमा अभिभावक भेलाको गणपुरक संख्या नपुग भएमा त्यसको भोलिपल्ट पुनः भेला बोलाइनेछ । यसरी भेला हुँदा 33% अभिभावक भेला भए पनि गणपुरक संख्या पुगेको मानिन्छ ।

3. यसरी पनि गणपुरक संख्या नपुगेमा त्यसको भोलिपल्ट जति जना उपस्थित हुन्छ त्यसैलाई गणपुरक संख्या मानी भेला गरिन्छ ।

4. कुनै व्यक्तिले सूचना पाइन वा मिलेन भनेको वा कुनै अभिभावक अनुपस्थित भएका आधारमा मात्र भेला रोकिने वा स्थगित वा बदर हुने छैन ।

5. भेलामा बहुमतको निर्णय मान्य हुनेछ ।

6. भेलाले गरेको कुनै निर्णय उपर चित्त नबुझेमा नगरपालिकामा निवेदन दिन सकिनेछ ।

**12. पदावधीः-**

**१.** छनौट भएका अध्यक्ष तथा सदस्यको पदावधी 3 वर्षको हुनेछ । अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा, प्रस्तावनापत्र अनुसार काम नगरेको अवस्थामा नगर शिक्षा समितिको सिफारिशमा नगरपालिकाले निज/निजहरुलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

२. निर्देशिका जारी भएको मितिले 1 महिना भित्र सबै सामुदायिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यको छनौट गरि सक्नु पर्नेछ ।

**13. पदको समाप्तिः-**

(1) अध्यक्ष तथा सदस्यको पद देहायको अवस्थामा समाप्त हुनेछ ।

क. राजिनामा दिएमा,

ख. मृत्यू भएमा,

ग. कुनै फौजदारी अभियोगमा सजाय पाउने गरि अदालतबाट कसुरवार ठहरिएमा,

घ. भ्रष्टाचार गरेको ठहरेमा,

ङ. लगातार 3 वटा भन्दा बढी बैठकमा विना सूचना अनुपस्थित भएमा,

च. शिक्षक वा अन्य कुनै सार्वजनिक पदमा नियुक्ति भै गएमा, यस प्रयोजनका नगर शिक्षा नियमावली को नियम 26 बमोजिम सदस्य हुन रोक लगाइएको मानिनेछ ।

छ. 1 वर्ष भन्दा बढी अवधिदेखि निजको उक्त क्षेत्रमा बसोबास नभएमा तथा निज 1 वर्ष भन्दा वढी अवधिदेखि अभिभावक नरहेमा ।

ज. बाल विवाह, बहु - विवाह, अनमेल विवाह वा अन्य कुनै समाजिक कुरीति वा अन्धविश्वास जस्ता कार्यहरु गरेमा वा घरेलु हिंसामा संलग्न भएमा ।

झ. निजले अभिभावकत्त्व प्राप्त गरेको विद्यार्थीको उपस्थिति प्रत्येक महिनामा विद्यालय संचालन भएको दिनको 51% उपस्थित नरहेमा ।

## परिच्छेद -5

### अध्यक्ष तथा सदस्यको छनौटका चरणहरु

**१४. सर्वसम्मत विद्यालय व्यवस्थापन समिति गठनः-**

क. नगर शिक्षा नियमावली को नियम 26 बमोजिम सामुदायिक विद्यालयहरुको संचालन, रेखदेख र व्यवस्थापन गर्नको लागि गठन हुने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरु सकेसम्म सर्वसम्मतिबाट चयन गरिने छ ।

ख. उपदफा (क) बमोजिम सर्वसम्मतिबाट चयन हुन नसकेको अवस्थमा निर्वाचन प्रक्रियाबाट व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरु चयनको टुँगो लगाइनेछ ।

ग. निर्वाचनमा एक अभिभावक एक मतका आधारमा पहिले हुनेले जित्ने प्रक्रिया अपनाइ सबै भन्दा धेरै मत पाउने व्यक्तिलाई निर्वाचित गरिनेछ ।

घ. महिला सदस्यको पदका लागि महिलाले मात्र उम्मेदवारी दिन पाउने छन । अन्य 2 सदस्य पदमा सबै भन्दा धेरै मत लयाउने 2 (दुई) जनालाई निर्वाचित गरिनेछ ।

ङ. दफा 14 को खण्ड (क) (ख) मा जुनसुकै कुरा उल्लेख भए तापनी सर्वसम्मत वा अन्य प्रक्रियाबाट पटक पटकको प्रयाश गर्दा पनि वि.व्य.स. गठन हुन नसकेको विद्यालयको हकमा सम्बन्धीत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावकहरु मध्येबाट प्र.अ.ले सिफारिश गरी पठाएको ६ जना पुरुप र ६ जना महिला अभिभावकहरु मध्येबाट विद्यालय रेखदेख, संचालन तथा व्यवस्थापन गर्नको लागि अर्को व्यवस्था नहुञ्जेलसम्म नगर शिक्षा समितिले उक्त विद्यालयमा एक अस्थायी वि.व्य.स. गठन गरिनेछ ।

## परिच्छेद -6

**१5. अभिभावक भेलाः-**

१. अभिभावक भेला 2 चरणमा हुनेछ ।

2. पहिलो चरणमा सबै अभिभावक समक्ष प्रधानाध्यापकले अहिले सम्म भएका गतिविधि कामकारवाही लगायत विद्यालयको सम्पूर्ण बस्तु स्थिति झल्कने विवरण पेश गर्ने छन । साथै

अभिभावक समक्ष अगामी कार्ययोजना, खर्च र आम्दानीको मोटामोटी प्रक्षेपन, गर्नु पर्ने कामहरु, जम्मेवारी आदिका बारेमा प्रष्ट पारी अभिभावकहरुको सहमती लिनेछन ।

3. विद्यालयको आम्दानी खर्चको विवरण, बार्षिक(आन्तरिक तथा अन्तिम) लेखापरीक्षण, सामाजिक लेखापरीक्षण आदिको विवरण पनि अभिभावक भेलमा पेश गर्नुपर्नेछ ।

4. भेलाको अध्यक्षता व्यवस्थापन समिति अध्यक्षले गर्नेछ । निज नभए सदस्यहरु मध्ये उमेरको हिसावले ज्येष्ठ सदस्यले गर्नेछ । कुनै सदस्य पनि कायम हुन नसेकमा प्रधानाध्यपक स्वयमले अध्यक्षता गर्नु पर्नेछ ।

5. दोस्रो चरणमा सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यको छनौट सम्बन्धी कार्य गरिने छ । यस सम्बन्धी सबै कार्य छनौट सहयोग समितिले नै गर्नेछ । साथै आवश्यकत्ता अनुसार सो समितिले निर्देशिका, आचारसहिँता, निर्देशन, समय र प्रक्रिया समेत तोक्न सक्नेछ ।

**16. अभिभावक भेला सम्बन्धि दोस्रोः-**

1. भेलाको दोस्रो चरणमा अभिभावक भेलामा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो मन्तव्य सहित विद्यालय व्यवस्थापन समिति गठन/छनौट गर्ने प्रयोजनका लागि सहयोग समितिलाई जिम्मेवारी प्रदान गर्नेछन । साथै छनौट सहयोग समितिले पुरानो व्यवस्थापन समिति भए सो लाई भंग गर्नेछ र व्यवस्थापन समितिका निर्वाचन सम्बन्धि सम्पूर्ण जिम्मेवारी आफूले लिनेछ ।

**17. धरौटी रकमः-**

1. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य पदमा उम्मेदवार हुन देहायको धरौटी रकम नगद वा विद्यालयको खातामा जम्मा गरेको नगदी रसिद पेश गर्नु पर्नेछ ।

क. माध्यमिक विद्यालयका अध्यक्षका पदका लागि रु. 3,000/-

ख. निम्न माध्यमिक विद्यालय अध्यक्ष पदका लागि रु. 2,500/-

ग. प्राथमिक विद्यालयको अध्यक्ष पदका लागि रु. 2,000/-

घ. माध्यमिक विद्यालय विद्यालयकको सदस्यका लागि रु. 1,500/-

ङ. निम्न माध्यमिक विद्यालयको सदस्य पदका लागि रु. 1,200/-

च. प्राथमिक विद्यालयको सदस्य पदका लागि रु. 1,000/-

2. निर्वाचन प्रक्रियामा नगई वा अन्य कुनै कारणबाट आवेदन अस्वीकृत भएको अवस्थामा बाहेक धरौटी रकम फिर्ता गरिने छैन र जम्मा भएको रकम विद्यालयको खातामा जम्मा गरिनेछ

**18. मनोनयन पत्र उम्मेदवारी दर्ता गर्ने सम्बन्धी व्यवस्थाः-**

1. समितिले सूचना जारी गरेको एक घण्टा भित्र अनुसुची 1 बमोजिम अध्यक्ष तथा सदस्य पदका लागि रिक्तपूर्वक निवेदन माँग गर्नेछ ।

2. योग्यता पुगेका अभिभावकहरुले अनुसूचि 2 बमोजिम ढाँचामा छनौट सहयोग समितिका संयोजक समक्ष प्रस्तावक र सर्मथक सहित सहयोग समितिले तोकेको समय र स्थानमा पेश गर्नु पर्नेछ । तर प्रस्तवक र समर्थक अभिभावक बाट नै हुनु पर्नेछ ।

3. निवेदन दिने व्यक्ति स्वयम उपस्थित भै निवेदन पेश गर्नुपर्नेछ ।

4. स्थानीय स्तरमा हुने राजनैतिक वा अन्य कुनै सहमतिका आधारमा अभिभावक विनाको व्यक्ति नगर शिक्षा नियमावली को नियम 26 बमोजिमका अध्यक्ष र सदस्य पदको छनौट हुन पाउने छैन ।

**19. नामावली प्रकाशन र दाबी विरोधः-**

1. अध्यक्ष तथा सदस्य पदमा उम्मेदवार हुन निवेदन पेश भएको समान्यतः 1 घण्टा 30 मिनेट भित्र सबै उम्म्दवारको नामावली अनुसूचि 3 मा दिइएको ढाँचामा प्रकाशन गरिनेछ ।

2. नामावली प्रकाशन भएको 2 घण्टा भित्र उम्मेदवारको विरुद्धको दावि विरोध पेश गर्न सकिनेछ र त्यको लागि छनौट सहयोग समितिले तोकेको दस्तुर साथ लिखित निवेदन दिनुपर्नेछ । यसको ढाँचा अनुसुचि 4 मा दिइएकोछ ।

3. प्राप्त दावी विरोध उपर सहयोग समितिले छानविन गरि दावि सही ठहरिएमा दावी विरोध शूल्क फिर्ता गरि संशोधन सहित दावि झुठा ठहरिएमा पूर्वत आधारमा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्नेछ ।

**20. नाम फिर्ता लिने तथा अन्तिम नमावली प्रकाशन गर्ने सम्बन्धी व्यवस्थाः-**

1. कुनै उम्मेदवारले आफ्नो नाम स्वेच्छाले फिर्ता लिन चाहेमा 1 घण्टा भित्र अनुसुचि 5 बमोजिमको ढाँचामा निवेदन दिई नाम फिर्ता लिन सक्नेछ ।

2. कुनै उम्मेदवारले नाम फिर्ता लिएमा वा नलिएमा, समेत बाँकी रहेको नामावलीलाई अन्तिम रुपमा प्रकाशित गरिनेछ ।

**21. निर्बिरोध निर्वाचन घोषणाः-**

1. कुनै पदमा तोकिएको संख्या बरावर मात्र उम्मेदवारी पर्न गएमा निर्बिरोध निर्वाचित भएको घोषणा सहित छनौट गरिनेछ ।

2. तोकिएको संख्याभन्दा बढी मनोनयन भएमा उम्मेदवारी दर्ता पछि र मतदान हुन पूर्व बढीमा 3 दिन भित्र समय तोकि अधिकत्तम 3 पटक सम्म निर्वाचनबाट नभई सर्बसम्मतिका लागि प्रयास गरिनेछ । सो नभए मात्र निर्वाचन प्रक्रियामा बस्नु पर्नेछ ।

3. सर्बसम्मत चयन प्रक्रियामा सहयोग गर्न योग्य सहजकर्ता, भद्रभलादमी वा कुनै उपयुक्त व्यक्तिलाई सहजीकरण गर्न लगाउन सकिनेछ ।

**22. चिन्ह प्रदानः-**

1. सहजीकरण वा सर्बसम्मतिको प्रयास असफल भएमा वा निर्वाचन प्रक्रियाबाट टुँगो लगाइनेछ

2. उम्मेदवारलाई निर्वाचन प्रयोजनका लागि फरक फरक निर्वाचन चिन्ह प्रदान गरिनेछ ।

3. चिन्ह वितरण भएपछि 1 घण्टा समय उम्मेदवार परिचयका लागि छुट्याइनेछ ।

4. छनौट सहयोग समितिले जिल्ला निर्वाचन सँग माग गरि मतपेटिका लिन सक्नेछ । मतपेटिका प्राप्त नभएमा कुनै उपयुक्त सामाग्रीलाई विश्वाशनीय तरिकाले उम्मेदवारको राय सल्लाह अनुसार मतपेटिका बनाउन सकिनेछ ।

5. निर्वाचनका लागि आवश्यक पर्ने छाप, चिन्हहरुको विवरण तथा सूची र मतपत्रको नमूना शिक्षा शाखाले तोकिदिए बमोजिम हुनेछ ।

6. चुनाव भएमा त्यस दिनको यस पछिका सम्पूर्ण प्रक्रिया स्थगित गरिनेछ र समितिले त्यसको भोलिपल्ट विहान 11 बजे पछि निर्वाचन हुने व्यहोराको सुचना टाँस गरि प्रकाशित गर्नेछ ।

**23. मतदानः-**

1. मतदान गोप्य रुपमा हुनेछ । मतदान गर्ने ठाउँ, सुरक्षा र गोपनीयताको व्यवस्था सहयोग समितिले तोके अनुसार हुनेछ ।

2. मतदान क्षेत्रमा छनौट सहयोग समितिका सदस्य र निर्वाचनमा सहयोग गर्ने समितिले तोकेका कर्मचारी बाहेक अरु व्यक्तिलाई प्रवेश गराइने छैन ।

3. मतदाताको संख्या हेरी मतदान गर्ने समय तोकीनेछ । समय 1 जना मतदाता बरावर 2 मिनेटका आधारमा तय गरिनेछ । तर जेभए पनि मतदान कार्यको न्यूनतम समयवधी छनौट समितिले निर्धारण गरिनेछ ।

4. मतदान गर्ने मतदाताको मतदाता नमावलीमा रेजा लगाउने तथा अन्य विवरण /fVg] काम समितिले तोकेको व्यक्तिले गर्नेछ ।

5. तोकिएको समयमा मतदान गर्न नआएमा पछि मतदान गर्न पाइने छैन ।

6. मतदान हुने दिन अनिवार्य रुपमा स्थानीय प्रहरीलाई जानकारी गराउनु पर्नेछ र स्थानीय प्रहरीले भरपर्दो र उपयुक्त सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ ।

7. निर्वाचन सुरक्षामा खटिने सुरक्षाकर्मीलाई विद्यालयले प्रतिव्यक्ति रु. प्रदेश खर्च मापदण्ड अनुसार उपलब्ध गराउनु पर्नेछ ।

**24. मतगणनाः-**

1. मतदान सकिएपछि आवश्यक प्रक्रिया पुर्याई मतगणना गरिनेछ । मतगणना तत्कालै शुरु गरिनेछ ।

2. मतगणनामा उम्मेदवारहरु वा निजको प्रतिनिधि उपस्थित हुन सक्नेछन । उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभए पनि मतगणना गर्न बाधा पुगेको मानिने छैन ।

3. निर्वाचन प्रक्रिया र मतगणनामा कुनै विवाद भएमा छनौट सहयोग समितिको निर्णय मान्य हुनेछ ।

4. मतगणना सकिएपछि सबै भन्दा धेरै मत प्राप्त गर्ने व्यक्तिलाई विजयी घोषित गरिनेछ । मत बरावर भएमा गोलाप्रथाद्धारा निर्णय गरिनेछ ।

5. मतगणना सम्बन्धी अन्य व्यवस्था र आचार सहिँता छनौट सहयोग समितिले गर्नेछ ।

6. निर्वाचित अध्यक्ष तथा सदस्यलाई छनौट सहयोग समितिले प्रमाण-पत्र दिनेछ ।

**25. शपथ ग्रहणः-**

1. निर्वाचित अध्यक्षले सहयोग समितिको अध्यक्ष समक्ष र अन्य सदस्यहरुले निर्वाचित वि.व्य.स. को अध्यक्ष समक्ष शपथ ग्रहण गर्नु पर्नेछ ।

## परिच्छेद –7

**26. पदावधीको समाप्ति र जिम्मेवारीः-**

1.कुनै पनि विद्यालयकको वि.व्य.स. को पदावधी 3 वर्ष पूरा भएमा स्वतः खारेज हुनेछ ।पदावधी समाप्त भएको अवस्थामा सो समितिले अर्को समिति गठन नभएसम्मका लागि विद्यालयलाई दीर्धकालिन प्रकृतिको असर पर्ने कुनै पनि आर्थिक, नीतिगत तथा प्रक्रियागत निर्णय गर्न वा कार्यान्वियन गर्न पाउने छैन । तर यसले विद्यालयको दैनिक प्रशासन लगायतका सामान्य प्रकृतिको कार्य गर्न बाधा पुर्याएको मानिने छैन ।

2. पटक-पटक बैठकमा अनुपस्थित भन्नाले बढीमा 3 पटक सम्म सूचना प्राप्त गरेर बैठकमा उपस्थित नभएको भन्ने बुझिनेछ ।

**27. रिक्त पदपुर्ती सम्बन्धी व्यवस्थाः-**

1. कुनै बिद्यालयको वि.व्य.स. अध्यक्ष वा सदस्यहरुको पदावधी सकिनु अगावै कुनै पनि कारणले पद रिक्त भएमा उक्त पद जुन प्रक्रियाबाट छनौट भएको हो बाँकी अवधिसम्मको लागि सोही प्रक्रिया र क्षेत्रबाट छनौट गरिनेछ ।

**28. अभिभावक मान्यताः-**

**1.** प्राथमिक तहका कक्षा 1 देखी कक्षा 12 सम्मका बालबालिका विद्यालयमा अध्ययनरत रहँदा तथा स्थानान्तरण प्रमाण पत्र लिई औपचारिक रुपमा विद्यालय छाडी अन्यत्र नगए सम्मका लागि निजहरुका अभिभावकलाई आधिकारिक मान्यता दिनु पर्नेछ ।

2. उपनियम 1 मा जुनसुकै कुरा लेखिएको भए पनि एस.ई.ई. परीक्षा तथा कक्षा 12 को वार्षिक परिक्षामा सम्मलित हुन फारम भरि सकेका विद्यार्थीका अभिभावकहरु विद्यालयको अभिभावक मानिने छैन साथै जुन तह वा कक्षा सम्म विद्यालय संचालन भएको हो सो तह वा कक्षाको वार्षिक परीक्षामा सहभागी भइसकेका विद्यार्थीको अभिभावक वि.व्य.स. छनौटको निम्ति अभिभावक रहेको मानिने छैन ।

**29. पद रिक्त भएको मानिनेः-** अभिभावकहरु यस कार्यविधि अनुसार अध्यक्ष वा सदस्य छनौट भई सकेपछि आफ्ना विद्यार्थीलाई स्थानान्तरण गरि अन्यत्र लगेमा वा अध्ययन गर्न छाडेमा त्यस्ता अभिभावकहरुको पद स्वतः समाप्त भएको मानिनेछ ।

**30. शिक्षक प्रतिनिधि सम्बन्धी व्यवस्थाः-**

1. शिक्षा ऐन 2028 को दफा 12, उपदफा 1 को खण्ड (घ) बमोजिम वि.ब्य. स. मा प्रतिनिधित्त्व गर्ने शिक्षक सम्बन्धित विद्यालयको शिक्षकहरुको निर्णय अनुसारको छनौट तथा सिफारिसमा हुनेछ ।

2. उपनियम (1) बमोजिम छनौट गर्दा विद्यालयका प्रधानाध्यापकले शिक्षकहरुको बैठक बोलाइ उक्त विषयलाई बैठकको एजेण्डाको रुपमा राखेर सकेसम्म सर्बसम्मत वा सो नभए बहुमतको आधारमा सिफारिस गर्न सकिनेछ ।

3. विद्यालय व्यवस्थापन समितिमा छनौट हुने शिक्षक प्राथमिक तहदेखि उच्च मा.वि. तह सम्म स्वीकृत दरवबन्दीमा कार्यरत स्थायी शिक्षकहरु मध्यबाट छनौट गरिनेछ । यदि कुनै विद्यालयमा स्वीकृत दरवन्दीको स्थायी शिक्षक नरहेको अवस्थामा प्राथमिकताको क्रममा अस्थायी, करार र राहत शिक्षक अनुदान कोटामा रहेको वा निजी स्रोतबाट तलव भत्ताखाने अन्तर्गत खाने गरि नियुक्त शिक्षकहरु मध्येबाट छनौट गर्न सकिनेछ ।

**31. उजुरी गर्न सक्नेः-**

1. यस कार्यविधि अनुसार गठन भएको विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुका सम्बन्धमा विद्यालयका वास्तविक अभिभावकहरुलाई चित्त नबुझेमा मुनासिव कारण सहित छनौट भएको मितिले 15 दिन भित्र सम्बन्धित विद्यालयमा उजुरी दिन सक्नेछ र सो को बोधार्थ शहीदनगर नगरपालिकालाई समेत दिनु पर्नेछ ।

2. यसरी रित पुर्वकको उजुरी तोकिएको समय भित्र विद्यालयमा प्राप्त भएमा प्र.अ. ले सहयोग समितिको बैठक बोलाई सो सम्बन्धमा सम्बन्धित पक्ष तथा आवश्यकताअनुसार अन्य अभिभावकहरुलाइ समेत बोलाई छानविन एवम अध्ययन गरि समाधान गर्नु पर्नेछ ।

3. उपनियम (2) बमोजिम विद्यालय व्यवस्थापन समितिले समाधान गर्न नसकेमा नगर शिक्षा समितिले आफू स्वयम वा कार्यालयका प्रतिनिधि खटाई सो सम्बन्धमा यथार्थ बुझी वा बुझ्न लागाई नियमानुसार निर्णय गर्न सकिनेछ ।

**32. सबैको कर्तव्य हुनेः-**

1. यस कार्यविधिको पाल्ना गर्नु यस शहीदनगर नगरपालिकाका सबै सामुदायिक विद्यालय वा सरोकारवालाहरुको कर्तव्य हुनेछ ।

**33. बाधा अडकाउ फुकाउने अधिकारीः-**

1. यस कार्यविधिले व्यवस्था गरेको कुनै प्रवधान कार्यान्वयन गर्न वाधा अडकाउ फुकाउनु परेमा नगर शिक्षा समितिले त्यस्तो वाधा अडकाउ फुकाउन आवश्यक परिपत्र गर्न वा निर्देशन दिन सक्नेछ ।

## परिच्छेद 8

## विद्यालय व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि

**34. विद्यालय व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) विद्यालय व्यवस्थापन समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) विद्यालय व्यवस्थापन समितिको बैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालय व्यवस्थापन समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा विद्यालय व्यवस्थापन समितिको सदस्य सचिवले विद्यालय व्यवस्थापन समितिको बैठक बोलाउनु पर्नेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य सचिवले साधारणतः तीन दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(५) विद्यालय व्यवस्थापन समितिमा तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा विद्यालय व्यवस्थापन समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ

(६) विद्यालय व्यवस्थापन समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफुहरूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) विद्यालय व्यवस्थापन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(८) विद्यालय व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि विद्यालय व्यवस्थापन समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद 9

## विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

**35. विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** (१) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोत जुटाउने र तिनको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकायलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकायबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(छ) नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकायले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगरपालिकाको शिक्षा हेर्ने निकायमा पेश गर्ने,

(झ) नगर शिक्षा समिति र नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकायले दिएको आदेश तथा निर्देशनहरूको पालना गर्ने,

(ञ) आफैले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।

(ट) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने ।

(ठ) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ड) शिक्षकलाई तालिमको लागि छनौट गर्ने ।

(ढ) तालिममा जाने शिक्षकलाई तालिमबाट फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा

सेवा गर्नु पर्ने सम्बन्धमा शर्तहरू निर्धारण गरी कबुलियतनामा गराउने,

(ण) विद्यालयको स्रोतबाट बेहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने र त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई सरकारी तवरबाट समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता खुवाउने,

(त) सरकारी तवरबाट स्वीकृत भएको दरवन्दीको शिक्षक पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएका मितिले पन्ध्र दिनभित्र नगर कार्यपालिकाको शिक्षा हेर्ने निकायमा जानकारी गराइ शिक्षा विकास तथा समन्वय इकाइ धनुषामा लेखी पठाउने,

(थ) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारवाही गर्ने तथा आवश्यकतानुसार आफ्नो राय सहितको प्रतिवेदन कारवाहीको लागि नगर कार्यपालिकाको शिक्षा हेर्ने निकायमा पठाउने,

(द) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(घ) सरकारी तवरबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(न) अभिभावक, शिक्षक र विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने,

(प) शिक्षकहरूको अभिलेख अध्यावधिक गराइ राख्ने,

(फ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराइ विद्यालयको

अघिल्लो शैक्षिक वर्षको आय व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ब) शिक्षकलाई गरिएको विभागीय कारवाहीको जानकारी नगरपालिकाको शिक्षा हेर्ने

निकायका शिक्षा प्रमुख समक्ष पठाउने,

(भ) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखा परीक्षकहरूमध्येबाट कम्तीमा तीन जना लेखा परीक्षकको नाम नियुक्तिको लागि नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकाय समक्ष सिफारिस गर्ने,

(म) विद्यार्थी, शिक्षक तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,

(य) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति वापतको रकम शोध भर्नाको लागि सम्बन्धित निकायमा माग गर्ने,

(र) शिक्षा हेर्ने शाखा अधिकृतले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिकामा गयल जनाएकोमा त्यस्तो गयल वापत तलब कट्टी गर्ने,

(ल) व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(व) शिक्षकहरूको सेवाको सुरक्षा र सम्बर्द्धन गर्ने,

(श) नगर कार्यपालिकाको कार्यालयले दिएको निर्देशन अनुरूप काम गर्ने ।

(२) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) सरकारी तवरबाट लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरू पढाउन आवश्यक देखिएमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को स्वीकृति लिने,

(च) शिक्षक सेवा आयोगबाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) सरकारी तवरबाट तोकिदिएको तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने, (ज) अनुशासनहीन शिक्षक उपर कारवाही गर्ने,

(झ) सरकारी तवरबाट दिएका निर्देशनहरूको पालना गर्ने ।

(ञ) विद्यालयको शैक्षिकगुठीका गुठीयार वा कम्पनीका सञ्चालकसँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ट) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्बर्द्धन गर्ने,

(ठ) विद्यार्थीहरूलाई परीक्षामा सामेल गराउने,

(ड) सरकारी तवरबाट सञ्चालित विभिन्न कार्यक्रममा विद्यालयलाई सरिक गराउने,

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराइ विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ण) विद्यालयको शिक्षक पदको दरबन्दी स्वीकृत गर्ने तथा रिक्त पदमा शिक्षक अस्थायी नियुक्त भएको छ महिनाभित्र स्थायी पूर्ति सम्बन्धी प्रक्रिया शुरु गर्ने,

(त) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई आवश्यक सुविधा उपलब्ध गराउने,

(थ) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने,

(द) खण्ड (थ) बमोजिमको कोषमा जम्मा भएको रकम सोही खण्डमा उल्लिखित काममा मात्र खर्च गर्ने,

(ध) आफ्नो आचरण अनुसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई विभागीय सजाय गर्ने,

(न) विद्यालयको लेखापरीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखापरीक्षकहरूमध्येबाट कम्तीमा तीन जना लेखापरीक्षकको नाम नियुक्तिको लागि नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकायका शिक्षा प्रमुख समक्ष सिफारिस गर्ने,

(प) विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने,

(फ) नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकायले दिएका निर्देशन अनुरूप काम गर्ने ।

(ब) शिक्षक अभिभावक संघको आवश्यकता देखिएमा शिक्षक अभिभावक संघ गठन गर्ने,

(३) विद्यालय व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार विद्यालय व्यवस्थापन समितिको सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेदः- 10 विविध

**36. शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था :** (१) सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ । सामूदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिले अभिभावकहरूको भेला गराइ सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र अभिभावकहरू समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित शिक्षक अभिभावक संघको कार्यकारी समितिका सदस्यको पदावधि दुई वर्षको हुनेछ । कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालयमा शिक्षकको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) शिक्षा सम्बन्धी प्रचलित ऐन नियम बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तरक्रिया गर्ने ।

(३) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिले यस कार्यविधि बमोजिम शिक्षक

अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाई गर्नु पर्नेछ ।

**37. प्रतिवेदन पेश गर्नु पर्ने :** दफा ७ को उपदफा (५) को समितिबाट विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको छनौट भइ सकेपछि नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकायमा अभिलेख राख्ने प्रयोजनका लागि सम्बन्धित विद्यालयका प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको नामावली सहित प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**38. अभिलेख राख्नु पर्ने :** दफा 37 अनुसार प्राप्त प्रतिवेदन अनुसार नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकायले विद्यालयको व्यवस्थापन समितिको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

:

**39. आर्थिक दायित्वः-** विद्यालय व्यवस्थापन समितिको गठन गर्दा कुनै प्रकारको आर्थिक दायित्व पर्ने भए सम्बन्धित विद्यालयले व्यहोर्नु पर्नेछ ।

**40. पत्र तथा फारामका नमूना सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधिको कार्यान्वयनका लागि

आवश्यक पत्र तथा फारामका नमूनाहरु अनुसूचीमा उल्लेख गरिए बमोजिम हुनेछन् । अनुसूचीमा उल्लेख नभएका पत्र तथा फारामका नमूनाहरु तयार गरी कार्यान्वयन गर्नु पर्ने भएमा सो काम नगर कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने निकायले तयार गरे बमोजिम हुनेछ ।

**41. बचाउ :** साविकमा शिक्षा ऐन (संशोधन सहित) २०२८ र शिक्षा नियमावली (संशोधन

सहित), २०५९ बमोजिम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन तथा संचालन सम्बन्धमा भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**42. संशोधन तथा खारेजी :** (१) नगर कार्यपालिकाले यस कार्यविधिलाई पूर्ण रुपमा खारेज गर्न वा केही अंशहरु संशोधन गर्न सक्नेछ ।

शहीदनगर नगरपालिका

**<u>अनुसुचीः- 1</u>**

## शहीदनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

यदुकुहा, धनुषा

मधेश प्रदेश नेपाल

**विषय :- अभिभावक नामावली प्रकाशन फारम ।**

श्री.......................................................विधालय

.......................................................धनुषा।

**विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागिः-**

| क्र.सं. | अभिभावकको नाम, थर | ठेगाना | विद्यार्थीको नाम, थर | ठेगाना | कक्षा | रोल नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

शहीदनगर नगरपालिका

**<u>अनुसुचीः- 2</u>**

शहीदनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

यदुकुहा, धनुषा

मधेश प्रदेश नेपाल

**विद्यालय व्यवस्थापन समिति अध्यक्ष/सदस्य/महिला सदस्यको लागि दरखास्त फारम**

**श्री संयोजक ज्यू**

**विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समिति**

**श्री.............................................................वि द्यालय, धनुषा ।**

उपयुक्त सम्बन्धमा शिक्षा ऐन 2028 को दफा 12 उपदफा 1 को खण्ड क बमोजिम तथा यस कार्यविधिको दफा 3 को (क) बमोजिम विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष/सदस्य/महिला सदस्य हुनको लागि इच्छुक हुनको लागि इच्छुक रहेकोले यो दरखास्त फारम पेश गरेको छु ।

**<u>निवेदकको</u>**

नाम,थरः-

ठेगानाः-

अभिभावक नामावली क्र.सः-

दस्तखतः-

मितिः-

प्रस्तावकको नाम,थरः-

ठेगानाः-

अभिभाक नामावली क्र.सः-

दस्तखतः-

मितिः-

समर्थकको नाम, थरः-

ठेगानाः-

अभिभावक नामावली क्र.सः-

दस्तखतः-

मितिः-

शहीदनगर नगरपालिका

**(द्रष्टव्यः- एक जना अभिभावकले एकजना व्यक्तिको मात्र प्रस्तावक वा समर्थक हुन पाउनेछ)**

शहीदनगर नगरपालिका

**अनुसुचीः- 1**

## शहीदनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

यदुकुहा, धनुषा

मधेश प्रदेश नेपाल

**उम्मेदवारहरुको नामावली/सुची प्रकाशन**

श्री..................................................विधालय

...................................................धनुषा।

**विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागिः-**

| क्र.सं. | पद | उम्मेदवारको नाम, थर | ठेगाना | विद्यार्थीको नाम, थर | कक्षा | रोल नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |

संयोजक

वि.व्य.स. छनौट सहयोग समिति

शहीदनगर नगरपालिका

**<u>अनुसुचीः- 4</u>**

शहीदनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

यदुकुहा, धनुषा

मधेश प्रदेश नेपाल

**उम्मेदवारको नामावली उपर दावी विरोध**

**श्री संयोजक ज्यू**

**विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समिति**

**श्री.......................................................वि द्यालय, ..................................धनुषा ।**

उपयुक्त सम्बन्धमा यस विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन गर्न प्रयोजनको लागि मिति...........................मा विद्यालयमा प्रकाशित भएको उम्मेदवारहरुको नामावली उपर मलाई तपसिशलको कारणले चित्त नबुझेकोले उक्त विवरण सच्चाउन/बदर गर्न अनुरोध गर्दुछ ।

**<u>दावी विरोध गर्नु पर्ने कारणहरुः-</u>**

१.
2.
3.

**दावी विरोध गर्ने अभिभावकको -**

**नाम, थरः-**

**ठेगानाः-**

**अभिभावक नामावली क्र.सः-**

**दस्तखतः-**

**मितिः-**

शहीदनगर नगरपालिका

**अनुसुचीः- 5**

शहीदनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

यदुकुहा, धनुषा

मधेश प्रदेश नेपाल

**उम्मेदवारी फिर्ता गर्न फारम**

**श्री संयोजक ज्यू**
**विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समिति**

**श्री...........................................................वि द्यालय, ........................................धनुषा ।**

**विषयः-उम्मेदवारी फिर्ता गरी पाँउ ।**

उपयुक्त सम्बन्धमा मैले यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष/सदस्य/महिला सदस्य पदमा उम्मेदवारी पेश गरेकोमा हाल मैले स्वेच्छाले उक्त निवेदन फिर्ता गर्न चाहेकोले नियमानुसार फिर्ता पाउन यो निवेदन पेश गरेको छु ।

**निवेदकको नाम, थरः-**
ठेगानाः-
दस्तखतः-
मितिः-

शहीदनगर नगरपालिका

## अनुसूची 6

दफा 3 को उपदफा (7) को (क) को कार्यान्वियनका लागि नगर प्रमुखबाट मनोनित हुने संस्थागत विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई दिइने मनोनय पत्र

शहीदनगर नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

यदुकुहा, धनुषा

मधेश प्रदेश नेपाल

पत्र संख्या :- मिति :-

च.नं.:-

**विषय : अध्यक्ष पदमा मनोनित गरिएको बारे ।**

श्री.........................................

.............................................।

प्रस्तुत विषयमा श्री ................................ विद्यालय शहीदनगर नगरपालिका वडा नं. .................. धनुषाको चलानी नम्बर ............. मिति ......................को पत्र र यस नगर कार्यपालिकाको कार्यालयको मिति...................................को निर्णय (नगर प्रमुखस्तर) अनुसार तपाईलाई विद्यालय व्यवस्थापन समितिको गठन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७9 को दफा ३ को उपदफा (७) को खण्ड (क) बमोजिम मनोनयनको निर्णय भएको मितिले तीन वर्ष सम्मको अवधिका लागि श्री ..............................विद्यालय शहीदनगर नगरपालिका वडा नं..................... धनुषाको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा मनोनित गरिएको व्यहोरा निर्देशानुसार सहर्ष जानकारी गर्दछु ।

अध्यक्ष पदमा मनोनित हुनु भएकोमा हार्दिक बधाई छ ।

**बोधार्थ :**

शहीदनगर नगरपालिका

श्री ( सम्बन्धित वडा कार्यालय)..........................................................

श्री ( सम्बन्धित विद्यालय)...................................................................

शहीदनगर नगरपालिका

**अनुसूची 7**

दफा 3 को उपदफा (7) को (ग) को कार्यान्वयनका लागि वडा समितिबाट मनोनित हुने संस्थागत विद्यालय व्यवस्थापन समितिको सदस्यलाई दिइने मनोनय पत्र

शहीदनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

यदुकुहा, धनुषा

मधेश प्रदेश नेपाल

पत्र संख्या :- मिति :-

च.नं.:-

**विषय :-सदस्य पदमा मनोनित गरिएको बारे ।**

श्री............................................

..............................................।

प्रस्तुत विषयमा श्री .................................... विद्यालय शहीदनगर नगरपालिका वडा नं. ................... धनुषाको चलानी नम्बर ............. मिति .......................को पत्र र मिति..........................को यस वडा समितिको निर्णय तपाईलाई विद्यालय व्यवस्थापन समितिको गठन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७9 को दफा ३ को उपदफा (७) को खण्ड (ग) बमोजिम विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदको मनोनयनको निर्णय भएको मितिले तीन वर्ष सम्मको अवधिका लागि श्री ...............................विद्यालय शहीदनगर नगरपालिका वडा नं.......................... धनुषाको विद्यालय व्यवस्थापन समितिको सदस्य पदमा मनोनित गरिएको व्यहोरा निर्देशानुसार सहर्ष जानकारी गर्दछु ।

सदस्य पदमा मनोनित हुनु भएकोमा हार्दिक बधाई छ ।

**बोधार्थ :**

शहीदनगर नगरपालिका

श्री ( सम्बन्धित वडा कार्यालय)................................................................

श्री ( सम्बन्धित विद्यालय)........................................................................

शहीदनगर नगरपालिका

## अनुसूची 8

दफा 5 को उपदफा (5) को कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समितिको म्याद थपको जानकारी पत्र

शहीदनगर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

यदुकुहा, धनुषा

मधेश प्रदेश नेपाल

पत्र संख्या :- मिति :-

च.नं.:-

**<u>विषय : विद्यालय व्यवस्थापन समितिको म्याद थप गरिएको बारे ।</u>**

श्री..............................................

..................................................।

प्रस्तुत विषयमा श्री .................................. विद्यालय शहीदनगर नगरपालिका वडा नं. .................. धनुषाको चलानी नम्बर ............मिति .......................को पत्र र यस शहीदनगर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय प्रधानाध्यापकहरुको मिति........................ मा बसेको बैठको निर्णय नम्बर........... अनुसार त्यहाँ विद्यालयमा रहेको/तपसिलका विद्यालयहरुको साविक विद्यालय व्यवस्थापन समितिको म्याद थपका लागि माग भइ आएकोमा नगर शिक्षा समितिको मिति..............................को निर्णय अनुसार विद्यालय व्यवस्थापन समितिको गठन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, 2079 को दफा 5 बमोजिम तपसिल अनुसार म्याद थप गएको व्यहोरा निर्देशानुसार जानकारी गर्दछु । म्याद थप भएको अवधिभित्रै विद्यालयले कार्यविधि अनुसार अर्को विद्यालय व्यवस्थापन समितिको गठन गरिसक्नु पर्ने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

.................

...........

शिक्षा शाखा प्रमुख

**तपसिलः-**

| क्र.सं. | विद्यालय को नाम | वि.व्य.स. को म्याद | | कैफियत |
|---|---|---|---|---|
| | | सकिएको मिति | थप हुने मिति | |
| | | ...................... | ..................... सम्म | |

## अनुसूची 9

दफा 7 को उपदफा (3),(4) र दफा 8 को कार्यान्वयनका लागि विद्यालयमा अध्ययनरत विद्यार्थिका अभिभावकहरुको नामावली

(सम्बन्धित विद्यालयको लेटर हेड)

पत्र संख्या :- मिति :-

च.नं.:-

**विषय : अभिभावकको नामावली प्रकाशन गरिएको बारे ।**

**श्री सम्बन्धित अभिभावक ज्यूहरु सबै**

प्रस्तुत विषयमा शहीदनगर नगरपालिकाबाट जारी भएको विद्यालय व्यस्थापन समितिको गठन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, 2079 को दफा 3 को उपदफा (1) को खण्ड (क) बमोजिम अभिभावकहरुमध्यबाट यस विद्यालयको विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको छनौट गर्नका लागि सोही कार्यविधिको दफा 7 को उपदफा (3), (4) र दफा 8 बमोजिम यस विद्यालयमा शैक्षिक सत्र 20...........को अवधिमा अध्ययनरत विद्यार्थिका अभिभावकहरुको नामावली विद्यालयको अभिलेख अनुसार तपसिल बमोजिम प्रकाशन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

..............................

प्रधानाध्यापक

**तपसिलः-**

| **क्र.सं.** | **विद्यार्थिको नाम, थर** | **अध्ययनरत कक्षा** | **अभिभावकको नाम, थर** | **कैफियत** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

शहीदनगर नगरपालिका

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची 10

दफा 37 सँग सम्बन्धित सामुदायिक विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी प्रतिवेदन

(सम्बन्धित विद्यालयको लेटर हेड)

पत्र संख्या :- मिति :-

च.नं.:-

**विषय :- प्रतिवेदन पेश गरेको बारे ।**

श्री नगर कार्यपालकाको कार्यालय(शिक्षा)

शहीदनगर नगरपालिका, धनुषा ।

प्रस्तुत विषयमा शहीदनगर नगरपालिकाबाट जारी भएको विद्यालय व्यस्थापन समितिको गठन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, 2079 अनुसार यस विद्यालयको व्यवस्थापन समितिको गठन सम्बन्धी प्रतिवेदन तपसिल अनुसार रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

..................
............

प्रधानाध्यापक

**तपसिलः-**

**१. अभिभावकको नामावली प्रकाशन मितिः-**

**२. विद्यालय व्यवस्थापन समिति गठन सहयोग समितिमा रहेका पदाधिकारीहरुको विवरणः-**

| क्र.सं. | नाम, थर | पद | कार्यरत निकाय | कार्यरत निकायको पद | कैफियत |
|---|---|---|---|---|---|
| 1. | | | | | |
| 2. | | | | | |
| 3. | | | | | |

शहीदनगर नगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| 4. | | | | | |
| 5. | | | | | |

३. अभिभावकले आफूहरुमध्यबाट सदस्य छनौट गरेको मितिः-

४. विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले अध्यक्ष छनौट गरेको मितिः-

५. शिक्षकले आफुहरु मध्येबाट सदस्य छानी पठाएको मितिः-

६. विद्यालय व्यवस्थापन समितिको कायम हुने अवधिः-

...............................

देखी .................................. गते सम्म ।

शहीदनगर नगरपालिका

**७. विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको विवरणः-**

| क्र.सं. | नाम थर | पद | ठेगाना | ना.प्र.प.नं. | मोवाइल नं. | दस्तखत नमूना | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | संक्षिप्त | पुरा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

८. शिक्षक अभिभावक संघ गठन भएको मितिः-

शहीदनगर नगरपालिका

९. शिक्षक अभिभावक संघको कायम हुने अवधिः-.........................................

देखी .......................................... सम्म ।

शहीदनगर नगरपालिका

१०. शिक्षक अभिभावक संघका पदाधिकारीको विवरणः-

| क्र.सं. | नाम थर | पद | ठेगाना | ना.प्र.प.नं. | मोवाइल नं. | दस्तखत नमूना | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | संक्षिप्त | पुरा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

उपर्युक्त विवरण ठिक छ भनी प्रमाणित गर्नेः-

प्रधानाध्यापकको नाम, थरः-

दस्तखतः-

मितिः-

शहीदनगर नगरपालिका

## अनुसूची 11

दफा 37 सँग सम्बन्धित संस्थागत विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी प्रतिवेदन

(सम्बन्धित विद्यालयको लेटर हेड)

पत्र संख्या :- मिति :-

च.नं.:-

**विषय :- प्रतिवेदन पेश गरेको बारे ।**

श्री नगर कार्यपालकाको कार्यालय(शिक्षा)

शहीदनगर नगरपालिका, धनुषा ।

प्रस्तुत विषयमा शहीदनगर नगरपालिकाबाट जारी भएको विद्यालय व्यस्थापन समितिको गठन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, 2079 अनुसार यस विद्यालयको व्यवस्थापन समितिको गठन सम्बन्धी प्रतिवेदन तपसिल अनुसार रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

..................

............

प्रधानाध्यापक

**तपसिलः-**

१. वि.व्य.स. अध्यक्षको मनोनयका लागि 3 जनाको नाम सिफारिस भएको मितिः-

२. अध्यक्षको मनोनयन भएको मितिः-

३. अभिभावकले आफूहरुमध्यबाट सदस्य छनौट गरेको मितिः-

४. वडा समितिले सदस्य मनोनित गरेको मितिः-

५. शिक्षकले आफुहरु मध्यबाट सदस्य छानी पठाएको मितिः-

६. विद्यालय व्यवस्थापन समितिको कायम हुन अवधिः-

..............................

देखी .............................. सम्म ।

७. विद्यालय व्यवस्थापन समितिका पदाधिकारिको विवरणः-



शहीदनगर नगरपालिका

| क्र.सं. | नाम थर | पद | ठेगाना | ना.प्र.प.नं. | मोबाइल नं. | दस्तखत नमूना | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | संक्षिप्त | पुरा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

८. शिक्षक अभिभावक संघ गठन भएको मितिः-

९. शिक्षक अभिभावक संघको कायम हुने अवधिः-..........................................

देखी .............................................. सम्म ।

१०. शिक्षक अभिभावक संघका पदाधिकारिको विवरणः-

| क.सं. | नाम थर | पद | ठेगाना | ना.प्र.प.नं. | मोवाइल नं. | दस्तखत नमूना | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | संक्षिप्त | पुरा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

उपर्युक्त विवरण ठिक छ भनी प्रमाणित गर्नेः-

प्रधानाध्यापकको नाम, थरः-

दस्तखतः-

मितिः-

शहीदनगर नगरपालिका

शहीदनगर नगरपालिका

## अनुसूची 12

दफा 38 सँग सम्बन्धित विद्यालय व्यवस्थापन समिति अभिलेख

शहीदनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

यदुकुहा, धनुषा

मधेश प्रदेश नेपाल

**सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिको अभिलेख**

| क्र.सं. | विद्यालयको | | | विद्यालय व्यवस्थापन समितिको | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | नाम | कोड नं. | ठेगाना | अवधि सुरु हुने मिति | समाप्त हुने मिति | अध्यक्षको नाम, थर | सम्पर्क नं. | |
| | | | | | | | | |
| | | | | | | | | |

**संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समितिको अभिलेख**

| क्र.सं. | विद्यालयको | | | विद्यालय व्यवस्थापन समितिको | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | नाम | कोड नं. | ठेगाना | अवधि सुरु हुने मिति | समाप्त हुने मिति | अध्यक्षको नाम, थर | सम्पर्क नं. | |
| | | | | | | | | |
| | | | | | | | | |

**नोटः- यस अभिलेख पछि विद्यालयबाट प्राप्त विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी प्रितिवेदन सम्बन्धी प्रतिलिपिलाई संलग्न गरी राख्नु पर्नेछ ।**

आज्ञाले

सावन कुमार चौधरी

प्रमुख प्रशासकीय अधिकृत

शहीदनगर नगरपालिका



**शहीदनगर नगरपालिकाद्धारा प्रकाशित** **मूल्य रु.**

शहीदनगर नगरपालिका